# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ — २६०४
४-२६२८०१, ४२५८१२२ — २६०५
४-२६२८९५, ४-२५०३१६ — २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np


सर्वोच्च अदालत काठमाडौं

पत्र संख्या
च.नं. १२९१५

मितिः २०७६/०२/२१

श्री उच्च अदालतहरु सबै
श्री उच्च अदालतका अर्को इजलासहरु तथा अस्थायी इजलासहरु सबै
श्री विशेष अदालत काठमाडौ
श्री राजश्व न्यायाधिकरणहरु सबै
श्री वैदेशिक रोजगार न्यायाधिकरण सबै
श्री प्रशासकीय अदालत
श्री जिल्ला अदालतहरु सबै
श्री श्रम अदालत।

बिषयः परिमार्जित मासिक र बार्षिक प्रतिवेदनका फारामहरुको सम्बन्धमा।

उपर्युक्त विषयमा न्यायापालिकाको तेस्रो पञ्चबर्षिय रणनितिक योजना मिति २०७१/०४/०१ देखि लागू भै यस बर्ष कार्यान्वयनको अन्तिम बर्ष भएको कुरा अवगत नै छ। मिति २०७५।०५।०१ देखि संहिता कानूनहरु कार्यान्वयनमा आएको सन्दर्भमा सो समेतलाई मध्यनजर गरी न्यायपालिकाको चालु रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य एवं कार्यसम्पादन सूचकबमोजिमका विवरण समेत प्राप्त हुने गरी उच्च अदालत, जिल्ला अदालत र अन्य अदालत तथा न्यायाधिकरणहरुका निर्धारित मासिक तथा बार्षिक प्रतिवेदन फारामहरुमा केही संशोधन एवं परिमार्जन गरी सर्वोच्च अदालतको वेभ पृष्ठमा राखिएको छ।

मिति २०७६।२।१३ गतेको अनुसंधान तथा योजना समितिको निर्णयानुसार २०७६ साल जेठ महिनादेखि मासिक प्रतिवेदन र आर्थिक बर्ष २०७५/०७६ को बार्षिक प्रतिवेदन तयार गरी पठाँउदा उक्त संशोधित तथा परिमार्जित फारामहरु पठाउनु पर्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दछु। तसर्थ २०७६ साल जेष्ठ महिनादेखिको मासिक प्रतिवेदन र आर्थिक बर्ष २०७५/०७६ को बार्षिक प्रतिवेदन उल्लिखित परिमार्जित फारामहरु सर्वोच्च अदालतको वेभ पृष्ठवाट डाउनलोड गरी प्रयोग गर्नुहुन र उच्च अदालत तथा उच्च अदालतका इजलासहरुले आफू मातहतका जिल्ला अदालतहरुलाई सर्वोच्च अदालतको वेभ पृष्ठमा राखिएका परिमार्जित फारमहरुको प्रयोग गरी मासिक र बार्षिक प्रतिवेदन पठाउने व्यवस्था मिलाउन आवश्यक सहयोग र समन्वय गर्नहुन समेत अनुरोध गर्दछु। साथै उक्त परिमार्जित फारमहरुका

# सर्वोच्च अदालत

## अनुसन्धान तथा योजना महाशाखा

कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या, मिति र खाममा विभाग तथा फाँट उल्लेख गर्नुहोला।

रामशाहपथ, काठमाडौं
फोन फ्याक्स ४२५०७४२,
एक्सचेन्ज ४-२६२३९७, ४-२६२३९८ } २६०४
४-२६२८०१, ४२५८१२२ } २६०५
४-२६२८९५, ४-२५०३१६ } २६०६
Email: info@supremecourt.gov.np
Email: research@ supremecourt.gov.np
Website: www.supremecourt.gov.np

पत्र संख्या
च.नं.

सम्वन्धमा कुनै सुझाव भए वा विवरण भर्दा कुनै द्विविधा भएमा सर्वोच्च अदालत, योजना तथा अनुसंधान महाशाखाको इमेलमा जिज्ञासा पठाउन वा पृष्ठ २ मा समावेश निर्देशनहरुको अन्तिम बुँदामा उल्लेखित फोन नं. मा सम्पर्क गर्नुहुन समेत अनुरोध गर्दछु।

देहायबमोजिम गर्न गराउनुहुन निर्देशानुसार अनुरोध गरिन्छ।

१. उच्च अदालत तथा उच्च अदालतका अर्को इजलास एवं अस्थायी इजलास, जिल्ला र अन्य अदालत तथा न्यायाधिकरणहरुले सर्वोच्च अदालतमा बार्षिक र मासिक प्रगति प्रतिवेदनहरु नियमित रुपमा research@supremecourt.gov.np मा इमेल गरी पठाउने।
२. बार्षिक तथा मासिक प्रतिवेदनका फारामहरु भर्दा अनिवार्य रुपमा यूनिकोडमा टाइप गर्ने।
३. इमेलवाट प्रतिवेदन तयार गरी पठाउदा कुन सालको, कुन महिनाको प्रतिवेदन हो? सो कुरा अनिवार्यरुपमा खुलाउने।
४. इमेल मार्फत प्रतिवेदनका फारामहरु पठाउदा सबै फारमहरु समावेश भएको एउटै Microsoft Excel फाइल बनाई प्रतिवेदन प्रमाणित गरिएको पत्र साथै राख्ने।
५. आर्थिक वर्ष २०७५/ ०७६ को बार्षिक प्रतिवेदन २०७६ श्रावण १५ गतेभित्र अनिवार्य रुपमा सर्वोच्च अदालत अनुसंधान महाशाखामा प्राप्त हुने उल्लिखित इमेल ठेगाना प्रयोग गर्ने।
६. प्रतिवेदनका फारमहरु Excel Worksheet मा निर्माण गरिएकोले केही विवरण Row तथा columm लुकेको पनि हुन सक्ने हुँदा सो हेर्नुहुन र फारमहरु पूर्णरुपमा सवै बिवरण भर्ने तथा तथ्याङक नभएको खाली स्थानमा "० (शुन्य)" राखी भरेर प्रत्येक फाराममा कुल जम्मा गर्ने।
७. बार्षिक तथा मासिक प्रतिवेदन तयार गर्ने कर्मचारीको नाम, थर र सम्पर्क मोबाइल नम्बर अनिवार्य रुपमा प्रतिवेदनमा उल्लेख गर्ने।
८. यस विषयमा थप जानकारी आवश्यक परेमा सर्वोच्च अदालतको फोन नं. ०१- ४२००७२२, उप सचिव श्री ठाकुरप्रसाद पौडेलको मोवाइन नं. (९८४८०२३७३९) र शाखा अधिकृत श्री सुमन पाण्डेको मोबाइल नं. (९८५७०५०३०२) लाई सम्पर्क गर्नुहोला।

ठाकुरप्रसाद पौडेल
उप -सचिव